# समुदायमा आधारित पुनर्स्थापना सहजकर्ताको आवश्यकता बारे सूचना ।

मिति २०७७।०९।१७ गते

यस कानेपोखरी गाउँपालिकामा समावेशी बिकास कार्यक्रम (Inclusive Development Program) कार्यान्वयन गर्नका लागि समुदायमा आधारित पुर्नस्थापना सहजकर्ता (Community Base Rehabilitation Facilitator (CBRF) करार सेवामा लिनु पर्ने भएकोले तपशिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई १५ (पन्ध्र) दिन भित्र दरखास्त पेश गर्नहुन यो सूचना आव्हान गरिएको छ ।

| क्र.स | पद | माग संख्या | आवश्यक न्युनतम योग्यता | आवश्यक कागजात | निवेदन दस्तुर |
|---|---|---|---|---|---|
| १. | समुदायमा आधारित पुर्नस्थापन सहजकता (CBRF) | दुई (२) | • बाह्र कक्षा वा प्रविणता प्रमाणपत्र तह उतिर्ण गरेको ।<br>• उमेरको हकमा १८ वर्ष पुरा गरि ३५ वर्ष ननाघेको ।<br>• महिला र अपांगता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा गरि ४० वर्ष ननाघेको ।<br>• नेपाली नागरिक ।<br>• कानेपोखरी गाउँपालिकाको स्थायी बासिन्दा । | • शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।<br>• नेपाली नागरिकताको प्रतिलिपी ।<br>• विवाहित महिलाले आवेदन पेश गर्दा समुदायमा आधारीत पुर्नस्थापना सहजकर्ताको रुपमा काम गर्न परिवारको सहमति पत्र समेत पेश गर्नुपर्नेछ ।<br>• आपाङ्गता भएका व्यक्तिहरुको परिवारको सदस्यको हकमा अपाङ्गता भएका व्यक्तिको नाता प्रमाणित पत्र समेत पेश गर्नुपर्नेछ ।<br>• कार्यअनुभव भएमा अनुभवको प्रमाणपत्र (Experience Certificate) समावेश गर्नुपर्नेछ । | २००/- |

१. **प्राथामिकता**

- अपाङ्गता भएको व्यक्ति (शारिरीक र मानसिक रुपले काम गर्न कुनै अवरोध नभएको) वा अपाङ्गता भएको व्यक्तिको परिवारको सदस्य ।
- स्थानिय विवाहित महिला ।
- कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको ।
- स्वास्थ्य र अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव भएको ।

२. **सेवाको किसिम** : करार सेवा ।
३. **परिक्षाको किकिम**: लिखित, प्रयोगात्मक र अन्तरवार्ता ।
४. **मासिक तलव** : आपसी सहमती अनुसार हुनेछ ।
५. **कार्य स्थल** : कानेपोखरी गाँउपालिकाको क्षेत्र भित्र ।
६. **दरखास्त दिने अन्तिम मिति** : २०७७१०।०२ गते दिउसो ४:०० वजे सम्म ।
७. **सम्पुर्क मिति** :२०७७१०।०४ गते , सोही दिन लिखित परिक्षाको लागी जानकारी दिईनेछ ।
८.**दरखास्त दिने स्थान र समय**: प्रशासन साखा, कानेपोखरी गाउँपालिका (कार्यालय समयमा)
९. **विशेष ब्यवस्था**: समुदायमा आधारीत पुनर्स्थापना सहजकर्ताले कम्तीमा २ बर्ष अनिवार्य सेवा गर्नु पर्नेछ ।

**नोट : छनौट प्रकृया संचालन गर्दा कुनै विवाद आएमा छनौट समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ ।**

**थप जानकारीको लागि सम्पर्क नम्वर ९८५२०३५६४४**

**संयोजक**
**राष्ट्रिय अपांग महासंघ नेपाल**

National Federation of the Disabled-Nepal Biratnagar 1993